# जिल्ला समन्वय समिति, तेह्रथुमको दोस्रो चौमासिक समिक्षा गोष्ठिमा पेश गरिएको फेदाप गाउँपालिकाको दोस्रो चौमासिक प्रगति प्रतिवेदन

आ.व. २०७५।०७६

स्थानः आठराई गाउपालिका, तेह्रथुम

मितिः २०७५।१२।२६ र २७

फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लवाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

खन्ड-कः गाँउपालिकाको परिचय आंकडामा 1
१. जनसंख्या 1
२. शैक्षिक स्थिति 2
२.१ शैशिक तथ्याङक र विश्लेषण 2
२.२ फेदाप गाउँपालीका भित्रका शिक्षण संघ संस्था 3
२.३ संस्थागत बिद्यालयहरु 5
३. स्वास्थ्यः 6
४. कृषिः... 9
५. पशुपालनको स्थितिः 12
५.१ फेदाप गाउपालिकामा रहेको पशुहरुको बिबरण 13
६. सडकको विवरण 14
७. पुलहरुको विवरण 14
८. व्यवसाय एवम् सहकारी दर्ता र नवीकरणको स्थितिः 14
८ क. व्यवसायमा आश्रित परिवार तथा सहकारी सदस्य संख्याः 15
९. वडा कार्यालयको स्थिति तथा कार्यरत जनशक्ति 15
१०. विद्युत सुविधा उपयोग गर्ने घरधुरी 16
११. खानेपानी सुविधा उपयोग गर्ने घरधुरी 16
१२. शौचालय प्रयोग गर्न घरधुरी 16
१३. सार्वजनिक शौचालयको संख्या 16
१४. सार्वजनिक पार्क खेलमैदानको संख्या 17
१५. ऐतिहासिक तथा धार्मिक केन्द्रको संख्या 17
खन्ड - खः दोस्रो चौमासिक अवधिको प्रगति झलक 18
सामाजिक सूरक्षाको विवरणः 19
खन्ड ग समस्या 20
१. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुः 20
२. समस्याका सम्भावित समाधानका उपायहरुः 20
३. गाउँपालिकाको तर्फबाट समाधानको लगि सुरु गरिएका प्रयासहरुः 20

## खन्ड-कः गाँउपालिकाको परिचय आंकडामा

### १. जनसंख्या

प्राचिन किराँतकालिन समयमा विभाजित १७ थुमहरु मध्ये "फेदाप थुम" को नामबाट नामाकरण भएको यस फेदाप गाउँपालिकाको क्षेत्रमा ५ वटा वडाहरु साविकका (सिम्ले,ओयाक्जुङ,जलजले,सम्दु,र इसिबु गा.वि.स. ) रहेका छन ।नेपालको जनगणना २०६८ अनुसार ३,८०४ घरधुरी रहेको यस गाउँपालिकाको कुल जनसंख्या १७,७०० हो जसमध्ये पुरुषको संख्या ८,१२१ रहेको छ भने महिलाको संख्या ९,५७९ रहेको छ । यस गाउँपालिकाको मुख्य कृषि उत्पादनको रुपमा धान, मकै, गहु, अलैची, अदुवा, आलु, मकै, फापर, कोदो, तोरी रहेका छन भने माथिल्लो क्षेत्रमा मुल्यवान जडिबुटिहरु जस्तै चिराइतो, मजिटो आदि पाइन्छ ।यस गाउपालिका क्षेत्रमा किराँत, हिन्दु, बौद्ध र इसाई धर्मवलम्बीहरुको बसोबास रहेको छ। यस क्षेत्रमा दशैं, तिहार, साउने सक्रान्ति, ल्होसार, क्रिसमस , बुद्ध जयन्ती , उधौली उभौली पर्व लगायतका चाडपर्वहरु मनाउने गर्दछन ।यस क्षेत्रमा लिम्बु (७,१४४), क्षेत्री (३,२९५), ब्राह्मण (२,७४५), तामाङ (८५३) राई (४३९) दलित(३८४), माझि, जोगी लगायतका जातजातिहरुको मिश्रित बसोबस रहेको छ ।त्यसै गरी मातृभाषाको रुपमा नेपाली भाषा बोल्ने ९,१३२ जना लिम्बु भाषा बोल्ने ५३४३ जना र तामाङ भाषा बोल्ने ८५० जना रहेका छन् ।

- फेदाप गाउपालिका प्रदेश नं,१, तेह्रथूम
- पूर्वःआठराई गाउपालिका
- पश्चिमः म्याङलुङ नगरपालिका
- उत्तरः मेन्छ्यायेम गाउपालिका
- दक्षिणः तमोर र खोरुङगा खोला
- कुल जनसख्या १७ ,७०० (२०६८ अनुसार)
- महिला ९५७९,पुरुष ८१२१
- क्षेत्रफलः ११०.८३ बर्ग कि.मि.
- घरपरिवार संख्या - ३८०४
- मुख्य खाद्यान्न बालीहरुः धान मकै गहु कोदो फापर
- मुख्य नगदेवालीहरुः अलैची अदुवा
- मुख्य धर्महरुः किरात हिन्दु, बौद्ध,इसाई
- मुख्य जातिहरुः लिम्बु राई, क्षेत्री, ब्राह्मण, दलित, जोगी

- ४३ वटा सामुदायिक बिद्यालय
- ५ वटा सस्थागत बिद्यालय
- माध्यमिक विद्यालय ८ वटा
- आधारभूत विद्यालय ३५ वटा
- ४ वटा वाल बिकास केन्द्र

- कुल बन जंगलको क्षेत्रः- २४६२.८८ हेक्टर
- सामुदायिक वनः- २०८५.७२ हेक्टर
- कवुलियती वनः- ६४.१६ हेक्टर
- अन्य वन क्षेत्रः ३१३ हेक्टर

## २. शैक्षिक स्थिति

शिक्षा ज्ञानको ज्योति हो । नेपालमा प्राचिन गुरुकुल शिक्षा प्रणाली देखि नै ज्ञानको आदान-प्रदान भएको पाइन्छ । राणाकालमा जंगबहादुरले वि.सं. १९१० सालमा दरवार हाइस्कुलको स्थापना , देव शमशेरले १०० भाषा पाठशालाहरुको स्थापना, चन्द्र शमशेरले त्रिचन्द्र कलेजको स्थापना गरेता पनि सर्वसाधारणको पहुँचमा शिक्षा पर्न सकेन । २००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात शिक्षा क्षेत्रमा अभुतपर्व प्रगति भएको पाइन्छ ।नेपालको सुदुर पुर्वमा रहेको यस तेह्रथुम जिल्लामा पनि देव शमशेर कालिन भाषा पाठशालाको स्थापना आठराईको मूलपानीमा भएपछि आठराईका सचेत अभिभावकहरुले विभिन्न स्थानमा विद्यालयहरुको स्थापना गरी शिक्षाको क्षेत्रमा राम्रो कार्यहरुको थालनी गरेको पाइन्छ । त्यस्तै यस फेदाप गाउँपालिकाको क्षेत्रमा पनि शिक्षाप्रेमि महानुभावहरुले जलजले, मेहेले, सम्दु, सिम्ले, इसिबु लगायत क्षेत्रहरुमा विद्यालयहरुको स्थापना गरी शिक्षाको विकासमा कार्यहरु गरेको पाइन्छ । जसको फलस्वरुप हाल यस क्षेत्रमा हजारौं बालबालिकाहरु शिक्षा प्राप्त गर्ने अवसर लिन सफल भएका छन ।

### २.१ शैशिक तथ्याङक र विश्लेषण

| क्र.सं. | वडा | कूल जनसंख्या | जम्मा निरक्षर | १५-६० को कुल जनसंख्या | १५-६० को साक्षर जनसंख्या | १५-६० को निरक्षर जनसंख्या | विभिन्न कार्याक्रमवाट हाल सम्म शाक्षर भएका जनसंख्या | बांकी निरक्षर | जम्मा साक्षर जनसंख्या | शाक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ४३१६ | १०८४ | २४०७ | १६६६ | ७४१ | ७३४ | ७ | २४०० | ९९.७१ |
| २ | २ | ४७२७ | ११९३ | २६३३ | १६५५ | ९७८ | ९०२ | ७६ | २५५७ | ९७.११ |
| ३ | ३ | ३५६३ | ७४२ | १९९५ | १५१५ | ४८० | ४७५ | ५ | १९९० | ९९.७५ |
| ४ | ४ | २२४८ | ४८२ | १२६९ | ८७१ | ३९८ | ३९४ | ४ | १२६५ | ९९.६८ |
| ५ | ५ | २८४६ | ६७४ | १५६६ | ९५२ | ६१४ | ५६२ | ५२ | १५१४ | ९६.६८ |
| जम्मा | | १७७०० | ४१७५ | ९८७० | ६६५९ | ३२११ | ३०६७ | १४४ | ९७२६ | ९८.५४ |

यस तथ्यांक अनुसार जम्मा १७७०० जनसंख्या मध्ये १५-६० वर्ष उमेर समुहको कुल जनसंख्या ९८७० रहेको छ । यो ९८७० मध्ये जम्मा ३२११ जना निरक्षर रहेकोमा आ.व.

२०६८।२०६९ देखी आ.व. २०७१।२०७२ सम्म संचालित शाक्षरता कार्यक्रमवाट शाक्षर हुने संख्या ३०६७ पुगेको छ । यसरी फेदाप गाउँपालिकाको १५-६० वर्ष सम्मको कूल साक्षर जनसंख्या ९७२६ रहेको छ । यसरी हेर्दा यस गाउँपालिकाको शाक्षरता ९९ प्रतिसतरहेको छ।

## २.२ फेदाप गाउँपालीका भित्रका शिक्षण संघ संस्था

फेदाप गाउँपालिका भित्र २०४६ को जन आन्दोलन पछाडि धेरै शिक्षण संस्था स्थापना भएका छन् । सबै शिक्षण संस्थाहरुले नियमित ढंगले शिक्षण सिकाई क्रियाकलाप अगाडी बढाई रहेको अवस्था छ । यस पालिकाभित्र ४३ वटा सामुदायिक र ५ वटा संस्थागतबिद्यालय रहेका छन् भने ४ वटा सामुदायिकसिकाई केन्द्र कृयाशिल रहेका छन् । यहाबिद्यालयको बिवरण प्रस्तुतगरिएको छ ।यसमा २ वटा स्रोतकेन्द्र,मा.वि.(१-१२) ६ वटा, मा.वि.(१-१०) २ वटा, आ.वि.(१-८) ४ वटा, आ.वि (१-५) २९ वटा, आ.वि.(१-३) २ वटा र वालबिकास केन्द्र ४ वटा रहेका छन।

| क्र स | बिद्यालयको नाम | शिक्षक संख्या | कर्म चारी | बिद्यार्थि संख्या | | जम्मा | सिकाई उपलब्धी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | | कक्षा | कक्षा | कक्षा | |
| १ | ईसिबु मा.बि ईसिबु | १७ | २ | ९८ | १०८ | २०६ | ६१ | ५७ | ३९ | |
| २ | सिंहदेबीआ.बि. ईसिबु | ६ | १ | ५० | ५२ | १०२ | ३५ | ६३ | | |
| ३ | जालपा देबीआबि ईसिबु | ५ | १ | १० | ९ | १९ | ६८ | | | |
| ४ | कालीकाआ.बि ईसिबु | ५ | १ | २१ | १६ | ३७ | ६१ | | | |
| ५ | देउरालीआ.बि ईसिबु | ५ | १ | २७ | १९ | ४६ | ५८ | | | |
| ६ | जलेश्वर आ.बि ईसिबु | ५ | १ | ११ | ९ | २० | ६८ | | | |
| ७ | सिंहबाहिनीआबि ईसिबु | ६ | १ | ३१ | २४ | ५५ | ५६ | | | |
| ८ | जलकन्याआबिसम्दु | ५ | १ | १९ | १५ | ३४ | ५८ | | | |
| ९ | जालपा देबीआबि सम्दु | ५ | १ | १२ | १६ | २८ | ६४ | | | |
| १० | सम्दु मा.बि.सम्दु | १५ | २ | १३३ | १४५ | २७८ | ४७ | ५६ | ४४ | |
| ११ | भगवतीआ.बि सम्दु | ५ | १ | १२ | ९ | २१ | ६४ | | | |
| १२ | सिंहदेबीआबि सम्दु | ७ | १ | २८ | २४ | ५२ | ३५ | ४५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | जनकल्याण ज्योर्तिमय | ५ | १ | १७ | १९ | ३६ | ५८ | | | |
| १४ | सरस्वतीआ.बि सम्दु | ५ | १ | १५ | १७ | ३२ | ६८ | | | |
| १५ | नेत्रज्यातीआ.बि सम्दु | ५ | १ | २१ | १५ | ३६ | ५४ | | | |
| १६ | शंकर मा.बि जलजले | २१ | ११८ | १३३ | २५१ | | ६१ | ५२ | ४३ | |
| १७ | ग्रामसुधार मा.बि जलजले | १२ | ६९ | ७४ | १४३ | | ५९ | ५६ | ४४ | |
| १८ | पंचकन्याआ.बि. जलजले | ५ | १४ | १६ | ३० | | ६८ | | | |
| १९ | ढाँडे आ. बि. जलजले | ५ | १४ | १८ | ३२ | | ६५ | | | |
| २० | भन्ज्याङँजलजले | ६ | १९ | २४ | ४३ | | ४५ | ४३ | | |
| २१ | जलकन्या अ.ाबि. जलजले | ६ | १३ | २० | ३३ | | ४८ | | | |
| २२ | जलकन्याआ.बि. ३ | ५ | २० | २५ | ४५ | | ५५ | | | |
| २३ | ईन्द्रायणी आ. बि. | ५ | १७ | २० | ३७ | | ५४ | | | |
| २४ | सिद्दकाली मा. | २० | २१५ | २२० | ४३५ | | ६५ | ५७ | ४४ | |
| २५ | सरस्वतीआ. बि. | ५ | २० | २३ | ४३ | | ५६ | | | |
| २६ | महाकालीआबिओयाकजुँङ | ८ | ६७ | ७५ | १४२ | | ५९ | ५८ | | |
| २७ | अम्मरसिंहआ.बि. | ९ | ६३ | ६५ | १२८ | | ५४ | ५१ | | |
| २८ | जलकन्याआ | ५ | २५ | २६ | ५१ | | ६२ | | | |
| २९ | सिंहदेबि आ. बि | ५ | १५ | १७ | ३२ | | ६५ | | | |
| ३० | पाथीभरा | ६ | ५२ | २८ | ११० | | ६३ | | | |
| ३१ | सिंहबाहिनीआ.बि.ओयाक | ३ | ४ | ७ | ११ | | ६५ | | | |
| ३२ | जनताआ. बि.ओयाकजुँङ | ५ | १७ | २१ | ३८ | | ४८ | | | |
| ३३ | जनज्यातीमा. बि.सिम्ले | २० | १५१ | १५० | ३०१ | | ५९ | ५५ | ४५ | |
| ३४ | महाकालीमा.बि.सिम्ले | १७ | ७४ | ७५ | १४९ | | ६४ | ५४ | ४२ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | बालमकर मा.बि.सिम्ले | १२ | ७१ | ७८ | १४९ | | ६० | ६८ | ४५ | |
| ३६ | जनपृय आ बि सिम्ले | ५ | १५ | १९ | ३४ | | ४५ | | | |
| ३७ | जनताआ. बि.सिम्ले | ५ | २० | २१ | ४१ | | ६३ | | | |
| ३८ | त्रिभुवनआ. बि.सिम्ले | ५ | २० | २३ | ४३ | | ५५ | | | |
| ३९ | कालीकाआ. बि.सिम्ले | ५ | १८ | ३५ | ५३ | | ६३ | | | |
| ४० | सिंहबाहिनीआ. बि. सिम्ले | ८ | ४९ | ५३ | १०२ | | ५७ | ५२ | | |
| ४१ | वालनिकुन्जआ. बि.सिम्ले | ५ | २० | २३ | ४३ | | ६४ | | | |
| ४२ | जनकल्याणमहान.आ.बि.ि | ३ | ७ | ९ | १६ | | ५९ | | | |
| ४३ | पन्चकन्याआ.बि. | ५ | २० | ३१ | ५१ | | ६३ | | | |
| ४ | तिनधारे वालविकास केन्द्र | १ | ५ | ४ | ९ | | | | | |
| | जम्मा | | | १७३७ | १६५ | ३३९ | | | | |

**स्रोतः शिक्षा स्रोत केन्द्र ईसिबु र जलजले २०७५**

प्रस्तुत तालीका अनुसार फेदाप गाउँपालिका भित्र जम्मा ४३ बिद्यालय र १ वालविकास केन्द्रले शिक्षण सिकाई क्रियाकलाप गरिरहेको देखिन्छ। यसरी शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने मध्ये १२ कक्षा सम्म संचालित ६ वटा, १० कक्षा सम्म संचालित २ वटा, ८ कक्षा सम्म संचालित ६ वटा, ५ कक्षा सम्म संचालित २६ वटा, ३ कक्षा सम्म चलेका २ वटा र समुदायमा आधारित बालबिकास केन्द्र १ वटा रहेका छन् ।

## २.३ संस्थागत बिद्यालयहरु

यस पालीकाभित्र ५ वटा आधारभुत तह चलेका संस्थागत बिद्यालय रहेका छन् । संस्थागत बिद्यालयको विवरण यहा प्रस्तुत गरिएको छ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | विद्यार्थी संख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | | |
| १ | श्री ह्यात्रुङ झरना इङलिस बोर्डिङ स्कुल | फेदाप ४ | कक्षा २ | ४१ | २० | ६१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | श्री जुरे भगवती इङलिस बोर्डिङ स्कुल | फेदाप ५ | कक्षा २ | ६२ | ३८ | १०० | |
| ३ | श्री पाथिभरा इङलिस बोर्डिङ स्कुल | फेदाप १ | कक्षा ३ | ६१ | ३९ | ११० | |
| ४ | श्री न्यू सनसाइन इङलिस बोर्डिङ स्कुल | फेदाप ३ | कक्षा ३ | ६५ | ५० | ११५ | |
| ५ | श्री जनकल्याण इङलिस बोर्डिङ स्कुल | फेदाप २ | कक्षा ३ | ३५ | ४४ | ७९ | |
| | | **जम्मा** | | २६४ | १९१ | ४५५ | |

**श्रोतः- स्कुल EMIS २०७५**

### ३. स्वास्थ्यः

फेदाप गाउपालिकामा बसोबास गर्न फेदाप बासीलाई बर्थिङ सेन्टर, Implant, सुरक्षित गर्भपतन, Ultrasound, ल्याब सेवा तथा स्वास्थ्य चौकी बाट दिइने अन्य सामान्य सेवाहरु निरन्तर दिइ रहेको छ । यस गाउपालिकामा जम्मा ५ वटा स्वास्थ्य चौकि रहेका छन ।फेदाप गाउपालिकाको स्वास्थ्य संस्थाको स्थिति तलको बिबरण बाट स्पस्ट हुन्छ ।

**स्वास्थ्य संस्थाको स्थिति**

| क.स. | स्वास्थ्य संस्था | उपलब्ध सेवाहरु | कैफियत |
|---|---|---|---|
| १. | पोक्लावाङ स्वास्थ्य चौकी, फेदाप-१ | ओ.पि.डि.सेवा, परिवार नियोजन सेवा (कन्डम, डिपो, पिल्स, इम्प्लान्ट, आ.यु.सि.डी.), खोप सेवा, गाँउघर क्लिनिक सेवा, प्रशुती सेवा, सुरक्षित गर्भपतन सेवा, आकस्मिक सेवा | |
| २. | ओयाक्जुङ स्वास्थ्य चौकी, फेदाप-२ | ओ.पि.डि.सेवा, परिवार नियोजन सेवा (कन्डम, डिपो, पिल्स,), खोप सेवा, गाँउघर क्लिनिक सेवा, प्रशुती सेवा, सुरक्षित गर्भपतन सेवा, आकस्मिक सेवा | |
| ३. | जलजले स्वास्थ्य चौकी, फेदाप-३ | ओ.पि.डि.सेवा, परिवार नियोजन सेवा (कन्डम, डिपो, पिल्स,), खोप सेवा, गाँउघर क्लिनिक सेवा, आकस्मिक सेवा | |
| ४. | सम्दु स्वास्थ्य चौकी, फेदाप-४ | ओ.पि.डि.सेवा, परिवार नियोजन सेवा (कन्डम, डिपो, पिल्स, इम्प्लान्ट), खोप सेवा, गाँउघर क्लिनिक सेवा, प्रशुती सेवा, सुरक्षित गर्भपतन सेवा, आकस्मिक सेवा | |
| ५. | ईसिबु स्वास्थ्य चौकी, फेदाप-५ | ओ.पि.डि.सेवा, परिवार नियोजन सेवा (कन्डम, डिपो, पिल्स), खोप सेवा, गाँउघर क्लिनिक सेवा, आकस्मिक सेवा | |

## स्वास्थ्य जनशक्तिको विवरणः-

| क.स. | स्वास्थ्य संस्था | दरबन्दी | | | | पदपुर्ती ( हाल कार्यरत) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हे.अ. | अ.हे.व./सि.अ.हे.व. | अ.न.मी./सि.अ.न.मी. | का.स. | हे.अ. | अ.हे.व./सि.अ.हे.व. | अ.न.मी./सि.अ.न.मी. | का.सकरार | |
| १. | पोक्लावाङ स्वास्थ्य चौकी | १ | २ | २ | १ | १ | १ | ३ | १ | १ जना अ.न.मी. स्वास्थ्य सेवा विभागमा काज गएको,१ जना वर्थिङ अ.न.मी करार.,१ जना ल्याब असिस्टेन्ट करार गरी जम्मा ६ जना कार्यरत |
| २. | ओयाक्जुङ स्वास्थ्य चौकी | १ | २ | २ | १ | १ | २ | ३ | १ | `,१ जना वर्थिङ अ.न.मी करार गरी ७ जना कार्यरत |
| ३. | जलजले स्वास्थ्य चौकी | १ | २ | २ | १ | १ | १ | २ | १ | ५ जना कार्यरत |
| ४. | सम्दु स्वास्थ्य चौकी | १ | २ | २ | १ | १ | २ | ३ | १ | १ जना सि.अ.हे.व. लालीगुँरास न.पा. मा काज,`,१ जना वर्थिङ अ.न.मी करार गरी जम्मा ६ जना कार्यरत |
| ५. | ईसिबु स्वास्थ्य चौकी | १ | २ | २ | १ | १ | १ | २ | १ | १ जना हे.अ.फेदाप गा.पा.मा काज, १ जना दरबन्दी अ.न.मी.करार गरी जम्मा ४ जना |
| ६. | फेदाप | ५ | १० | १० | ५ | ५ | ७ | १३ | ५ | |

## आ.व.२०७५/०७६ को दोस्रो चौमासिकको प्रगति प्रतिबेदन

| क.स. | विवरण | कैफियत |
|---|---|---|
| १. | क्षयरागको दोस्रो चौमासिक रिभ्यु गोष्ठी सम्पन्न भएको । | |
| २. | महिला स्वास्थ्य स्वयं सेविका दिवस मनाईएको । | |
| ३. | पहिलो चरणको औषधी खरिद गरी वितरण गरेको । | |
| ४. | न्यानो झोला १५० सेट खरिद गरी वितरण । | |
| ५. | फोल्डिङ स्ट्रेचर खरिद गरी प्रत्येक स्वास्थ्य चौकीलाई ३ ओटाको दरले जम्मा १५ ओटा वितरण गरेको । | |
| ६. | ईसिबु स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर संचालनको लागि सामान खरिद भएको । | |
| ७. | सम्दु स्वास्थ्य चौकीमा ल्याब सेवा संचालको लागि सामान खरिद भएको । | |
| ८. | ६२५ प्याकेट स्यानिटरी प्याड खरिद गरी फेदापको ८ ओटै मा.वि. स्कुलमा वितरण गरेको । | |
| ९. | विपद व्यवस्थापन CRRT को दोस्रो चौमासिक रिभ्यु गोष्ठी भएको । | |
| १०. | महिला स्वास्थय स्वयं सेविकाहरुको पहिलो अर्धवार्षिक समिक्षा वैठक सम्पन्न भएको । | |
| ११. | प्राथमिक उपचार सम्बन्धि तालिम र प्राथमिक उपचार सामग्री वितरण । | |

| | | |
|---|---|---|
| १२. | पोक्लावाङ, ओयाक्जुङ र सम्दु स्वास्थ्य चौकीमा नियमित प्रशुती सेवा र सुरक्षित गर्भपतन सेवा संचालन भईरहेको । | |
| १३. | स्वास्थ्य संस्थामा भएको प्रशुती संख्याः- **२०७५ साउन देखी २०७५ फलुन सम्म**<br>१. पोक्लावाङ स्वास्थ्य चौकीः- ३५ जना<br>२.ओयाक्जुङ स्वास्थय चौकीः- ११ जना<br>३.सम्दु स्वास्थ्य चौकीः- ६ जना | जम्मा ५२ जना |
| १४. | स्वास्थ्य संस्थामा भएको सुरक्षित गर्भपतन संख्याः- **२०७५ साउन देखी २०७५ फलुन सम्म**<br>१. पोक्लावाङ स्वास्थ्य चौकीः- ३४ जना<br>२.ओयाक्जुङ स्वास्थय चौकीः- ११ जना<br>३.सम्दु स्वास्थ्य चौकीः- १८ जना | जम्मा ६३ जना |

## फेदाप गाँउपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा संचालन हुने खोप क्लिनिकहरुः-

| क.स. | स्वास्थ्य संस्था | क्लिनिक संचालन हुने स्थान | क्लिनिक संचालन हुने समय | कैफियत |
|---|---|---|---|---|
| १. | पोक्लावाङ स्वास्थ्य चौकी | सामुदायिक भवन, साविक सिम्ले-१ | प्रत्येक महिनाको ०५ गते | |
| | | रामराज खोप भवन, साविक सिम्ले-७ | प्रत्येक महिनाको ०६ गते | |
| | | भरत लिम्बुको घरमा, भोगटेनी | प्रत्येक महिनाको ०७ गते | |
| | | स्वास्थ्य चौकीमा | प्रत्येक महिनाको ०८ गते | |
| २. | ओयाक्जुङ स्वास्थ्य चौकी | सिलगढी इन्द्र लिम्बुको घरमा | प्रत्येक महिनाको ०५ गते | |
| | | म.स्वा.स्व.से. गीता ढकालको घरमा, शेर्मा | प्रत्येक महिनाको ०६ गते | |
| | | सावित्रा न्यौपानेको घरमा, नेवई | प्रत्येक महिनाको ०७ गते | |
| | | स्वास्थ्य चौकीमा | प्रत्येक महिनाको ०८ गते | |
| ३. | जलजले स्वास्थ्य चौकी | मेर्बु बस्नेतको घरमा, निगाले | प्रत्येक महिनाको ०५ गते | |
| | | बिजय सम्बाहाम्फेको घरमा, तोक्मा | प्रत्येक महिनाको ०६ गते | |
| | | म.स्वा.स्व.से. मुना निरौलाको घरमा, पेतवारे | प्रत्येक महिनाको ०७ गते | |
| | | स्वास्थ्य चौकीमा | प्रत्येक महिनाको ०८ गते | |
| ४. | सम्दु स्वास्थ्य चौकी | संगपु खोप केन्द्र भवन, साविक सम्दु-०६ | प्रत्येक महिनाको ०६ गते | |
| | | जालपा आ.वि., साविक सम्दु-०७ | प्रत्येक महिनाको ०७ गते | |

| | | | | |
|---|---|---|---|---|
| | | स्वास्थ्य चौकीमा | प्रत्येक महिनाको ०८ गते | |
| ५. | ईसिबु स्वास्थ्य चौकी | ईसिबु खोप केन्द्र भवन, ईसिबु मा.वि. | प्रत्येक महिनाको ०५ गते | |
| | | टेकनारायण बिमलीको घरमा, साबिक ईसिबु-२ | प्रत्येक महिनाको ०६ गते | |
| | | दधिराम सेढाईको घरमा, साबिक ईसिबु-९ | प्रत्येक महिनाको ०७ गते | |
| | | स्वास्थ्य चौकीमा | प्रत्येक महिनाको ०८ गते | |

**फेदाप गाँउपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा संचालन हुने गाँउघर क्लिनिकहरुः-**

| क.स. | स्वास्थ्य संस्था | क्लिनिक संचालन हुने स्थान | क्लिनिक संचालन हुने समय | कैफियत |
|---|---|---|---|---|
| १. | पोक्लावाङ स्वास्थ्य चौकी | म.स्वा.स्व.से. गंगामाया लिम्बुको घरमा,साबिक सिम्ले- १ | प्रत्येक महिनाको १८ गते | |
| | | जनप्रिय आ.वि. | प्रत्येक महिनाको १९ गते | |
| | | रामराज खोप भवन, साविक सिम्ले-७ | प्रत्येक महिनाको २० गते | |
| २. | ओयाक्जुङ स्वास्थ्य चौकी | म.स्वा.स्व.से. गीता ढकालको घरमा, शेर्मा | प्रत्येक महिनाको १६ गते | |
| | | म.स्वा.स्व.से.विष्णुमाया जोगीको घरमा,साविक ओयाक्जुङ-८, खोल्मे | प्रत्येक महिनाको १७ गते | |
| ३. | जलजले स्वास्थ्य चौकी | बिजय सम्बाहाम्फेको घरमा, तोक्मा | प्रत्येक महिनाको १७ गते | |
| | | म.स्वा.स्व.से. मुना निरौलाको घरमा, पेतवारे | प्रत्येक महिनाको १८ गते | |
| ४. | सम्दु स्वास्थ्य चौकी | खोप केन्द्र भवनमा, साविक सम्दु-२ | प्रत्येक महिनाको १८ गते | |
| | | संगपु खोप केन्द्र भवन, साविक सम्दु-०६ | प्रत्येक महिनाको १९ गते | |
| ५. | ईसिबु स्वास्थ्य चौकी | म.स्वा.स्व.से. सुर्यकुमारी लिम्बुको घरमा | प्रत्येक महिनाको २० गते | |
| | | टेकनारायण बिमलीको घरमा, साबिक ईसिबु-२ | प्रत्येक महिनाको २१ गते | |

**स्रोत स्वास्थ्य शाखा फेदाप**

## ४. कृषिः

यस गाउपालिकामा ९५% कृषकहरु परम्परागत रुपमा खाद्यान्न वाली र नगदेवालि लगाउदै आइरहेका छन तर पछिल्लो समयमा आएर नेपाल सरकार, प्रदेश सरकार तथा यस गाउँपालिकाको

कृषि सेवा शाखाको सहयोगले मानिसहरु वेमौसमी तरकारी खेति, फलफुल खेति तर्फ आकर्षित भइरहेका छन। मुख्य नगदेबालीको रुपमा अदुवा, अलैंचि उत्पादन हुने यस गाउपालिकामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत अदुवाको ब्लक तथा अलैंचि र तरकारीको पकेट कार्यक्रम पनि रहेको छ ।परम्परागत रुपमा लगाइँदै आइएको तरकारी खेतीलाई थोपा सिचाई, प्लास्टिक पोखरी, टनेल निर्माणबाट जीविकोपार्जनमा आत्मनिर्भर बनाउने बिभिन्न योजनाहरु सञ्चालन भइरहेका छन ।

**खेति योग्यः ५११६ हेक्टर**

- **सिंचितः१८६६ हेक्टर**
- **असिंचितः३२५० हेक्टर**

**खेति अयोग्यः२८५४.१२ हेक्टर**

**चरन क्षेत्रः ६५० हेक्टर**

***समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना अन्तर्गत स्थानिय तह मार्फत कार्यान्वयन हुने कृषि विकास कार्यक्रम***

***जनप्रिय पुथुङ्गा सामुदायिक उपभोक्ता समिति फेदाप-२ (साविक ५ र ६)***

*क्षेत्रफलः ९५हेक्टर*

*सिंचितः ५०हेक्टर*

*असिंचितः ४५हेक्टर*

*खेति योग्यः६५हेक्टर*

*अयोग्यः १० हेक्टर*

*घरधुरिः ९५*

**कृषिमा आश्रित परिवारः९०%**

यस गाउँपालिकामा रहेका मानिसहरुको मुख्य पेशा नै कृषि हो । ९०% मानिस कृषि पेशामा आवद्ध छन्। उनिहरुको आयआर्जनको मुख्य श्रोत नै कृषि हो ।जिविकोपार्जन,आयआर्जनको लागि विभिन्न प्रकारका नगदे वाली,खाद्यान्न वाली,तरकारी खेति,फलफुल खेति लगाईन्छ र अझै पनि यहाँ परम्परागत तरिका वाट नै कृषि पेशा अपनाईरहेका छन्।

**खाद्यान्न वालीः**

खाद्यान्न वाली अन्तर्गत धान,गहुँ,मकै मुख्य रहेको छ त्यो वाहेक कोदो,फापर,जौ  आदि लगाईन्छ।यहाँ लगभग ३०% खाद्यान्न वाली उत्पादन गरिन्छ।

**नगदेवालीः**


यस क्षेत्रमा आम्दानीको लागि अलैचि,अदुवा लगाईन्छ। यस क्षेत्रलाई अलैचि र अदुवाको लागि उत्कृष्ट मानिन्छ। यहाँ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत अदुवा ब्लक र अलैचि पकेट क्षेत्र रहेको छ। अदुवा नै विक्रि गर्नुका साथै अदुवा का विभिन्न परिकार जस्तै;पाउडर,सुठो,जुस,क्यान्डि आदि वनाईन्छ। अलैचिलाई मसलाको रुप मा प्रयोग गरिन्छ।

**तरकारीः**

यहाँ मौसमी र वेमौसमी तरकारी खेति गरिन्छ ।पछिल्लो समयमा प्लाष्टिक टनेल भित्र, थोपा सिंचाई द्वारा साथै प्लाष्टिक पोखरीको निर्माण गरी पनि तरकारि खेति गरिदै आईरहेका छन् । यस क्षेत्रमा फुलकोभि,वन्दाकोभि,टमाटर,तितेकरेला,काक्रा,फर्सि रायोसाग आदि लगाईन्छ। तरकारीको विउविजन यस गाउँपालिकाको कृषि सेवा शाखा वाट निशुल्क उपलब्ध गराईन्छ साथै विभिन्न हिउदे/वर्षे तरकारी प्याकेज प्रर्दशन, हिउदे/वर्षे तरकारी विउकिट वितरण पनि हुन्छ। त्यस्तैगरि प्लाष्टिक टनेल, थोपा सिंचाई, प्लाष्टिक पोखरीको पनि वितरण गरिन्छ।

**फलफुलः**

यस क्षेत्रमा विषेश गरि फलफुलमा सुन्तला खेति गरिन्छ । यहाँ व्यवसायिक रुपमा नै फनफुल खेति गरिदै आईएको छ। फलफुल खेति विस्तारको लागि फेदाप गाउँपालिका कृषि सेवा शाखाले ५०% अनुदानमा फलफुलको विरुवा वितरण गर।गर्दै आईरहेको छ । यहाँ सुन्तला,स्याउ,आप,लिचि,कागति,मेवा,केरा आदि फलफुल खेति गरिन्छ।




**फलफुल खेति-२०%**
**तरकारी खेति-२०%**
**खाद्यान्न वाली-३०%**
**नगदेवाली-३०%**

अन्य कार्यक्रमहरु

| क.स | कार्यक्रम | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | प्लाष्टिक टनेल निर्माण | १० | संचालन भईरहेको |
| २ | तरकारी पकेट क्षेत्र संचालन | २ | संचालन भईरहेको |
| ३ | प्लाष्टिक पोखरी निर्माण | ८ | |
| ४ | कुलो मर्मत संभार | ५ | |
| ५ | खाद्यान्न वाली उत्पादन प्रर्दशन | गहुँ-२<br>मकै-३ | गहुँ-२<br>मकै-३ |
| ६ | १००%अनुदानमा विउकिट वितरण | गहुँ-३००<br>मकै-६०० | गहुँ-३००<br>मकै-६०० |
| ७ | विजवृद्धि कार्यक्रम | गहुँ-३३०के.जी, ३हे<br>मकै-७५ के.जी, ५हे | गहुँ-३३०के.जी, ३हे<br>मकै-७५ के.जी, ५हे |
| ८ | माटो परिक्षण कार्यक्रम | १ पटक | १ पटक |
| ९ | युवा लक्षित व्यवसायिक कार्यक्रम (च्याउ) | ५०० प्याकेट | |
| १० | युवा लक्षित व्यवसायिक कार्यक्रम (च्याउ/तरकारी/मौरी) | १ पटक | |
| ११ | तरकारी प्याकेज प्रर्दशन(काउली, वन्दा) | २ पटक | २ पटक |
| १२ | वर्षे तरकारी प्याकेज प्रर्दशन(टमाटर) | २ पटक | २ पटक |
| १३ | कृषक पाठशाला | संचालन भईरहेको | संचालन भईरहेको |
| १४ | स्थलगत घुम्ति तालिम | गहुँ-२<br>मकै-३<br>तरकारी-२ | गहुँ-२<br>मकै-३<br>तरकारी-१ |
| १५ | करेसा पोखरी प्रर्दशन(माछा) | ५ पटक | ५ पटक |

## ५. पशुपालनको स्थितिः

नेपालमा गरिने नेपालीहरुको मुख्य व्यवसायहरु मध्ये पशुपालन व्यवसाय एक महत्वपूर्ण र मुख्य व्यवसायको रुपमा रहेको छ । । यस गाउँपालिका भित्र २ वटा पशु सेवा केन्द्र सिम्ले र सम्दु द्वारा पशु पालक कृषकहरुलाई सेवा दिदै आईरहेको अवस्थामा २०७४ साल श्रावण महिनादेखि

स्थानीय तह गठन भए पश्चात गाउँपालिका मातहत पशु सेवा शाखा स्थापना भई सेवा प्रवाह भईरहेको छ ।

घरधुरी संख्या - ३८०४

पशुपालक कृषक परिवार संख्या -३६१४

व्यवसायिक कृषक परिवार संख्या -२०

गैह्र व्यवसायिक कृषक परिवार संख्या -१९०

## ५.१ फेदाप गाउपालिकामा रहेको  पशुहरुको बिबरण

**(क) गाई**

| विवरण | सांढे | गोरु | दुधालु गाई | थारा गाई | बहर | कोरली | बाच्छा | बाच्छी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय | | ३०३४ | १०९० | ६१५ | ४१९ | ४३७ | ५३१ | ५८९ | ६७१५ |
| उन्नत | ३ | | ३५ | ९ | १९ | १६ | १७ | १८ | ११७ |
| जम्मा | ३ | ३०३४ | ११२५ | ६२४ | ४३८ | ४५३ | ५४८ | ६०७ | ६८३२ |

**(ख) भैसी**

| विवरण | राँगो | जोत्ने राँगो | दुधालु भेसी | थारा भैसी | पाडो | कोरली पाडी | पाडा | पाडी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय | | | ५९९ | ३४५ | २३० | २१५ | २९९ | ३०० | १९८८ |
| उन्नत | ९ | | ३०६ | २१९ | १०१ | ११४ | १२९ | १७७ | १०५५ |
| जम्मा | ९ | | ९०५ | ५६४ | ३३१ | ३२९ | ४२८ | ४७७ | ३०४३ |

**(ग) बाख्रा**

| विवरण | बोका | खसी | ब्याएको बाख्री | थारा बाख्री | पाठा १ वर्ष मुनी | पाठी १ बर्ष मुनी | पाठा ६ महिना मुनी | पाठी ६ महिना मुनी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय | ७९५ | ३६९८ | २५०१ | ११९० | १८४१ | १८७५ | २५०१ | २२९६ | १६६९७ |
| उन्नत | १२ | ९ | ९ | ५ | ८ | ८ | ४ | ५ | ६० |
| जम्मा | ८०७ | ३७०७ | २५१० | ११९५ | १८४९ | १८३ | २५०५ | २३०१ | १६७५७ |

स्रोतः पशु सेवा शाखा फेदाप

## ६. सडकको विवरण

मध्यपहाडी लोकमार्गले छुने यस गाउँपालिकामा आ.ब. २०७४।०७५ मा ७५ कि.मि. नयाँ सडकको ट्र्याक खुला भएको थियो भने ८० कि.मि. पुराना सडकको मर्मत भएको छ । हालसम्म कुनै पनि सडक कालोपत्रे नभएको यस गाउँपालिकामा चाँडै नै पोक्लाबाङ बजारको सडक सोलिङ सहित ढलान तथा अर्को आ.व. देखी रिङरोड पनि बनाउने योजना रहेको छ ।

| | गत वर्ष सम्म | पहिलो चौमासिक | दोश्रो चौमासिक | हाल सम्म जम्मा |
|---|---|---|---|---|
| ट्र्याक ओपन (कि.मि.) | ७५ | - | १४ | ८९ |
| ग्राभेल - कि.मि. | - | - | - | - |
| स्तर वृद्वि | ८० | - | ४ | ८४ |
| कालो पत्रे | - | - | - | - |

## ७. पुलहरुको विवरण

मध्यपहाडी लोकमार्ग अन्तर्गत म्याङलुङ र फेदापको सिमानामा रहेको खोरुङ्गा खोलामा पक्की पुल निर्माण हुने क्रममा रहेको छ भने गत आ.व. २०७४।०७५ मा २ वटा ट्रष्ट पुलहरु, (सावेया - हिंगुवा) निर्माण भए भने यस आ.व. मा पनि १ वटा ट्रष्ट पुल (रिट्ठेखोला सार्की डाँडा झोलुंगे पुल) निर्माण भई सकेको छ भने अब एउटा यांखुवा ट्रष्ट पुल निर्माण निर्माण हुने क्रममा रहेको छ ।

## ८. व्यवसाय एवम् सहकारी दर्ता र नवीकरणको स्थितिः

यस गाउँपालिकामा आ.व. २०७५।०७६ देखी गाउँपालिकामा नै व्यवसाय दर्ता गर्न सुरु गरिएको छ । दोश्रो चौमासिक सम्ममा २२ वटा व्यवसाय दर्ता भइसकेको छन् । यस गाउँपालिकाको दोस्रो गाउँसभाले स्थानीय सहकारी ऐन पारित गरेको छ । जस अनुसार सहकारीहरुको दर्ता एवं नविकरण प्रकृया सुरु हुन क्रममा रहेको छ ।

### ८ क. व्यवसायमा आश्रित परिवार तथा सहकारी सदस्य संख्याः

यस गाउँपालिकामा दर्ता भएका व्यवसायको हकमा आश्रित परिवार ६५ जना रहेका छन् भने सहकारी डिभिजन कार्यालय, धनकुटाले हस्तान्त्रण गरेको सहकारीको फाइलको आधारमा सहकारी सदस्य संख्या २१५ जना रहेका छन् ।

### ९. वडा कार्यालयको स्थिति तथा कार्यरत जनशक्ति

५ वटा वडा रहेको यस गाउँपालिकामा ३ वटा वडाहरु (ओयाक्जुङ,जलजले र सिम्ले) को आफ्नै भवन रहेको छ भने इसिवुको भवन निर्माण सम्पन्न गर्न बाँकी अवस्थामा रहेको छ । सम्दुमा स्वास्थ्य चौकीको पुरानो भवनमा वडा कार्यालय संचालन भइरहेको छ ।वडा कार्यालयमा कार्यरत जनशक्ति देहाय बमोजिम रहेको छ ।

| क्रस | वडा | पद | सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | फेदाप – १ | वडा सचिव | १ | |
| | | कार्यालय सहायक | १ | |
| | | सहायक क.अ. | १ | |
| | | कार्यालय सहयोगी | १ | |
| २ | फेदाप – २ | वडा सचिब | १ | |
| | | कार्यलय सहायक | | |
| | | सहायक क.अ. | १ | |
| | | कार्यालय सहयोगी | १ | |
| ३ | फेदाप – ३ | वडा सचिव | १ | |
| | | कार्यलय सहायक | १ | |
| | | सहायक क.अ. | १ | |
| | | कार्यलय सहयोगी | १ | |
| ४ | फेदाप – ४ | वडा सचिव | १ | |
| | | कार्यलय सहायक | | |
| | | सहायक क.अ. | १ | |
| | | कार्यलय सहयोगि | १ | |
| ५ | फेदाप - ५ | वडा सचिव | १ | |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यलय सहायक | १ | |
| | | सहायक क.अ. | १ | |
| | | कार्यलय सहयोगी | १ | |

## १०.विद्युत सुविधा उपयोग गर्ने घरधुरी

३८०४ घरधुरी रहेको यस गाउँपालिकामा राष्ट्रिय प्रशारण लाइनबाट जोडिन बांकीरहेका घरधुरीलाई अंध्यारो बाट मुक्त बनाउने प्रयास स्वरूप आ.व. २०७४।०७५ मा विद्युत क्षेत्रमा विनियोजित भएको बजेट र पारदर्शी रुपमा सम्पन्न भएको योजनाको कारणले हालको दिनमा करिव ३१५० घरधूरीमा विजुली बलिरहेको छ । अव बांकीको घरधुरीमा पनि नेपाल विद्युत प्राधिकरण संग समन्वय गरेर यहीं आर्थीक वर्षमा विद्युत जोड्ने योजना रहेको छ ।

## ११.खानेपानी सुविधा उपयोग गर्ने घरधुरी

फेदाप गाउपालिकाको माथिल्ला भागहरु पानिको श्रोत धेरै मात्रामा रहेको छ भने तल्लो क्षेत्र सुख्का रहेको छ ।कुनै न कुनै माध्यमबाट खानेपानी सुविधा प्रयोग गर्ने घरधुरी — ३७९२ रहेको छ भने राम्रो संग खानेपानी सुविधा उपयोग गर्ने घरधुरी — १५०० रहेको छ ।

## १२.शौचालय प्रयोग गर्न घरधुरी

फेदाप गाउपालिकालाई आ.व. २०७४/०७५ मा पुर्ण रुपमा दिसा मुक्त गाउपालिका घोषणा गरिएको हुदा, त्यसै अनुरुप फेदाप गाउपालिकामा एक घर एक शौचालय रहेकोछ ।

## १३.सार्वजनिक शौचालयको संख्या

स्थानिय सरकारको रुपमा गाउपालिकाको बिधिवत स्थापन भए पश्चात एक घर एक शौचालय, मानिसहरुको प्राय जमघट भइरहने हाट बजार लगायतका सार्वजनिक स्थलहरुमा समेत सुविधाजनक महिला तथा पुरुषको लागि छुट्टा छुट्टै शौचालयको स्थापना गर्ने कार्यलाई प्राथमिकता साथ अगाडि बढाइएको छ। साथै फेदाप गाउपालिकाको केन्द्र पोक्लावाङमा एक सार्वजानिक शौचालय रहेको छ भने कम्तिमा प्रत्येक वडामा सार्बजिनक शौचालय निर्माण गर्ने लक्ष्य लिइएको छ।

### १४.सार्वजनिक पार्क खेलमैदानको संख्या

"स्वास्थ्यको लागी खेलकुद रास्ट्रको लागी खेलकुद " भन्ने राष्ट्रिय मुल नारालाई आत्मसाथ गर्दै फेदाप गाउपालिकामा रहेका ५ वटा खेल मैदान लाई आधुनिक बनाउने प्रयास भईरहेको छ ।खेलकुदको क्षेत्रमा क्रमशः फड्को मार्दै बिगत समय देखि नै भलिबल तथा फुटवल खेलहरु क्षेत्रिय स्तरका आयोजनाहरु भई सकेको तथा राष्ट्रिय स्तरका केहि खेलाडिहरु समेत उत्पादन भइसकेको अबस्था छ । त्यसैले भलिबल, फुटबल, ब्याटमिन्टन तथा टेवल टेनिस खेलहरुलाई प्रबर्दन र बिकास गर्नको लागी यस गाउपालिकाको बजेट तथा कार्यक्रममा खेल मैदान निर्माण तथा स्तरउन्नति गर्दै बिभिन्न समयमा महत्वपुर्ण खेलहरु आयोजना गर्ने कार्य प्राथमिकतामा राखिएको छ ।

### १५.ऐतिहासिक तथा धार्मिक केन्द्रको संख्या

फेदाप गाउपालिका बिभिन्न प्राकृतिक सम्पदाहरुले सु-सम्पन्न रहेको छ । यस गाउपालिको तिन वटा वार्डको सिमानामा चिचिलिङ पोखरी रहेको छ । साथै भैसे पोखरी, मांगेनायक, मझौगुफा, तागेरा निंवाफु मांहिम यस गाउपालिकाको प्रमुख धार्मिक केन्द्रहरु हुन ।

## खन्ड - खः दोस्रो चौमासिक अवधिको प्रगति झलक

| विवरण | दोश्रो चौमसिक लक्ष | प्रगति/उपलब्धि | फरक |
|---|---|---|---|
| आन्तरिक आय (राजश्व) | ३६५५०० | ७७४८९५ | ४,०९,३९५ |
| आयोजना संझौता संख्या | २३५ | २३० | ५ |
| आयोजना फरफारक संख्या | १०० | ४२ | ५८ |
| आयोजना फरफारक रकम | ३,७३,००,०००।- | १,१३,१०,०००।- | २,५९,९०,०००।- |
| कार्यक्रम संचालन | ३ | १ | |
| कोलेनिकाबाट हुने निकाशा रकम | - | - | - |
| पालिकाबाट भएको खर्च | ११,००,००,०००।- | ८,८७,४३,१७८ | |
| | पहिलो चौमासिक | दोश्रो चौमासिक | |
| न्यायिक समितिमा परेको निवेदन उजुरी | ३ | ४ | |
| न्यायिक समितिबाट फछ्यौंट संख्या | १ | १ | |
| मेलमिलापको विवरण | १ | १ | |
| नक्शा पासको विवरण | - | - | |
| सार्वजनिक सुनुवाई | - | - | |
| सहकारी/व्यवसाय दर्ता | ३ | १९ | |
| सडक ट्र्याक ओपन कि.मि. | - | १४ | |
| सडक स्तर बृद्धि कि.मि. | - | ४ | |
| सडक ग्राभेल कि.मि. | - | - | |
| सडक कालोपत्रे | - | - | |

## सामाजिक सूरक्षाको विवरणः

**पहिलो चौमासिक** **रकम हजारमा**

| वडा नं. | जेष्ठ नागरिक भत्ता-अन्य | | जेष्ठ नागरिक भत्ता (दलित) | | एकल महिला भत्ता | | बिधवा भत्ता | | पूर्ण अपाङ्गता भत्ता | | अति अशक्त अपाङ्गता भत्ता | | बालबलिका सुरक्षा भत्ता - दलित |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या |
| १ | २८३ | १०,९९ | १२ | ४८ | ५४ | २,१६ | ६७ | २,६८ | ७ | ५६ | ६ | १४.४ | ३८ |
| २ | २१६ | ८६२० | ४४ | १७६० | | | १०२ | ४०८ | ४ | ३२० | १२ | २८८ | ४८ |
| ३ | १७४ | ६९६० | २० | ८०० | | | ८१ | ३२४ | ५ | ४०० | १४ | ३३६ | २८ |
| ४ | ९७ | ३८८० | १० | ४०० | ३ | १२ | ५७ | २२८ | ४ | ३२ | १ | २।४ | १४ |
| ५ | १६९ | ६७६० | १५ | ६०० | ५ | २० | ६० | २४० | | | १ | २।४ | २५ |

**दोस्रो चौमासिक -** **रकम हजारमा**

| वडा नं. | जेष्ठ नागरिक भत्ता-अन्य | | जेष्ठ नागरिक भत्ता (दलित) | | एकल महिला भत्ता | | बिधवा भत्ता | | पूर्ण अपाङ्गता भत्ता | | अति अशक्त अपाङ्गता भत्ता | | बालबलिका सुरक्षा भत्ता - दलित | | जे .ना. आ ौषधी उपचार भत्ता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | २७३ | १०८४ | १२ | ४८ | ५४ | २१६ | ६३ | २५२ | ७ | ५६ | ५ | १२ | ३२ | ४७.२ | २८९ | ११४८ |
| २ | २१२ | ८४६ | ४३ | १७० | | | १०० | ४०० | ४ | ३२ | १२ | २८.८ | ४२ | ६६ | २४६ | ९८२ |
| ३ | १६९ | ६६९ | २० | ८० | | | ८२ | ३२८ | ५ | ४० | १३ | ३१.२ | २४ | ३८ | १८८ | ७४५ |
| ४ | ९६ | ३८४ | १० | ४० | ३ | १२ | ५७ | २२८ | ४ | ३२ | १ | २.४ | १२ | १८ | १०८ | ४३२ |
| ५ | १६८ | ६७१ | १५ | ६० | ५ | २० | ६१ | २४३ | | | २ | ४.८ | २४ | ३५.६ | १८२ | ७२७ |

## खन्ड ग समस्या

१. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुः

- उपभोक्ता समितिका पदाधिकारीहरुमा बदंलिदो परिस्थिति अनुरुप नियम कानून नजान्नु
- संझौता तथा इस्टिमेट नगरीकन काम थाल्ने प्रवृति हुनु
- कार्यक्रम संचालन गर्न प्रपोजल लेख्ने तरिका थाहा नहुनु
- फितलो अनुगमनले योजनाको पारदर्शिता तथा मितव्ययिता कायम नहुनु
- मानव संशाधनको अभावले प्रशासनिक चुस्ततामा अवरोध
- आबश्यक कर्मचारीको दरबन्दि पदपुर्ति नभएको
- उपलब्ध कर्मचारीहरु समायोजन भई गएको, जाने अवस्थामा रहेको
- बिगत २० दिनदेखी आर्थिक प्रशासनको कामकाज ठप्प भएको

२. समस्याका सम्भावित समाधानका उपायहरुः

- उपभोक्ता समितिको ज्ञान, सीप, क्षमताको विकास
- योजना कार्यान्वयन तथा भूक्तानीमा जनप्रतिनिधि तथा कर्मचारीको नियम कानून प्रतिको अडान
- अनुगमन प्रकृयालाई निरन्तर तथा छड्के अनुगमनको थालनी र अनुगमन समितिले दिएको निर्देशन पालना नगरे भुक्तानीमा रोक
- नियमानुसार गठन नभएका उपभोक्ता समितिहरु खारेजी
- गुणस्तरीय, पारदर्शी तथा मितब्ययी रुपमा काम नगर्ने उपभोक्ता समतिको भुक्तानीमा रोकावट तथा ब्ल्याक लिस्ट बनाई अर्को वर्षदेखी कुनै पनि योजना तथा सरकारी सेवा प्रवाहमा रोक
- संवन्धित निकाय संग आवश्यक पहल गरी मानव संशाधनको आपुर्ति
- कोलेनिकाबाट आर्थिक प्रशासन हेर्ने कर्मचारीको खटनपटन

३. गाउँपालिकाको तर्फबाट समाधानको लगि सुरु गरिएका प्रयासहरुः

- उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम दिन सुरु
- सेवाग्राहीहरुको पीर मर्कालाई मध्यनजर गर्दै हेल्प डेस्क (सहायता कक्ष) को व्यवस्था
- अनुगमन तथा सूपरीवेक्षणमा कडाइका साथ लाग्ने उपाध्यक्ष ज्यूको निर्देशन
- सिस्टम स्थापना गरेरै छाड्ने अध्यक्ष ज्यूको भनाई
- गुणस्तरीय, पारदर्शी रुपमा काम नगर्ने समितिका पदाधिकारी तथा कानून बमोजिम काम नगर्ने कर्मचारीलाई कारबाही गर्ने अध्यक्ष ज्यूको निर्देशन
- मिति २०७५।१२।०५ गते नै कोलेनिकालाई लेखापाल माग गरिएको